मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

phone: 088530261,9857826333
website:musikotmunrukum.gov.np
email: ito.musikotmun@gmail.com
email: info@musikotmun.gov.np


## विरामी राशन वन्दोवस्त गर्न सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०९/१०** गते

यस कार्यालय अन्तर्गत रुकुम जिल्ला अस्पतालमा भर्ना हुने विरामिहरुलाइ मिति २०७५ माघ १ देखि २०७६ साल पुष मसान्त सम्म १ वर्षको लागी राशन आपूर्ती गनूपर्ने भएकोले इच्छुक व्यक्ति फर्म कम्पनी वा सस्थाहरुले निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी वोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । तपशिल:

- विरामी राशन आपूर्ति गर्न चाहने इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणको प्रतिलिपी, चालु आ.वको लागि नविकरण भएको ठेक्का इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र ( आ.व २०७४।०७५) र स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित निवेदनमा रु १० को टिकट टास गरि यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र रु १०००।( अक्षरुपी एक हजार ) फिर्ता नहुने गरि राजस्व तिरी यस कार्यालयवाट दरभाउपत्र खरिद गर्न सकिने छ ।
- दरभाउपत्र फारम साथ कुल लागत अनुमानको ३ प्रतिशतले हुन आउने रकम रु ४७०९०।४८। (अक्षरुपी सतचालिस हजार नव्वे पैसा अठचालिस ) यस कार्यालयको ने.वै.लि रुकुम स्थित धरौटी खाता नम्वर ०७७०३०००००००००३००००८ मा नगद जम्मा गरेको सक्कल वैक भौचर वा मान्यता प्राप्त वाणिज्य वैकवाट कम्तिमा १२० दिनको मान्य अवधि रहने गरि जारी भएको वैक जमानत, नेपाली नागरिकताको प्रतिलिपी, ठेक्का इजाजत पत्र, मू.अ कर दर्ता प्रमाण पत्र कर चुक्ता प्रमाणपत्र (आ.व २०७३/७४) र स्थायी लेखा नम्वर दर्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी सलग्न राखि सिलवन्दी दरभाउपत्र फारम सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ ।
- निर्धारित समय भित्र दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सुचना प्रकाशन भएको मितिले १६ औ दिनको २:०० वजे यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थीत नभएको कारणले सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
- विरामी राशन सम्वन्धी ठेक्का स्वीकृत भइसकेपछि स्वीकृत अवधिभर खाद्य वस्तुको मूल्यवृद्दि भएमा थप वृद्दि दिइने छैन ।
- कवोल दर स्पष्ट वुझिने गरि अक र अक्षरमा लेख्नुपर्ने छ । अक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइने छ ।
- म्याद नाघि वा रित नपुगि वा शर्त राखी पेश भएका सिलवन्दी दरभाउपब उपर कुनै कारवाही गरिने छैन ।
- सिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा विदाको भोलीपल्ट साविककै समयमा दर्ता गरिने र खोलिने छ ।
- सिलवन्दी वोलपत्र साथ खाद्यवस्तुको नमुना समेत राखी सिलवन्दी गरी पेश गर्नुपर्ने छ ।
- दरभाउपत्र फारम साथ दरभाउपत्रदातालाई निर्देशन सहितको शर्तनामा पत्र समेत सलग्न राखिएको छ वाकी व्यहोरा सोही शर्तनामा पत्रमा खुलाए अनुसार हुनेछ ।
- यस सुचनामा उल्लेख हुन वांकी भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुने छ ।
- दरभाउपत्र पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षीत रहने छ

२०७५/०९/१०
दिपेन्द्र रावल
नि. प्रमूख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत